भूमि-कृषि अभियान रणनीति
सन् २०२०-२०२५

समतामूलक समृद्धिका लागि भूमिसुधार

हाम्रो सपना र दूरदृष्टि

न्यायपूर्ण एवं दिगो भूमि व्यवस्थासहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपालको सिर्जना

हाम्रो अठोट र कार्यभार

भूमिहीन तथा कृषि कर्ममा संलग्न किसानको भूमि अधिकार सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था र दिगो कृषिप्रणालि स्थापीत गर्न योगदान गर्ने

विषयसूची

नौलो परिवेश, परिमार्जित पाइला भूमिकृषि अभियानको निरन्तर यात्रा.... ३

हाम्रा आधारभूत मूल्य/मान्यता.... ४

वर्तमान परिवेश अवसर तथा चुनौती.... ६

विकास र समृद्धिसम्बन्धी बुझाइ.... ८

सामाजिक परिवर्तनको सिद्धान्त र रूपान्तरणको कार्यविधि.... १०

रणनीतिक प्राथमिकता १.... १३
- भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार

रणनीतिक प्राथमिकता २.... १४
- भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन

रणनीतिक प्राथमिकता ३.... १५
- भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्धन

रणनीतिक प्राथमिकता ४.... १६
- दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास

रणनीतिक प्राथमिकता ५.... १७
- भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

स्रोत व्यवस्था तथा स्रोत निर्माण प्रक्रिया.... १८

संस्थागत विकास र पहिचान.... २०

प्रतिबद्धता र जवाफदेहिता.... २२

आत्मनिर्भर केन्द्र.... २४

नौलो परिवेश, परिमार्जित पाइला
भूमिकृषि अभियानको निरन्तर यात्रा

नेपाल र विश्वजगतले नै सामना गरिरहेको कोभिड १९ महामारी र त्यसले सिर्जना गरेको अपूर्व बन्दाबन्दीको परिवेशमा संसारभरि नै छलफल र बहस भइरहेको मूल विषय भनेको जनस्वास्थ्य, भूमिकृषि व्यवस्था, प्रकृतिमैत्री विकासको बाटो र लोकतान्त्रिक सुशासन हो।

विश्वसमुदायले कोरोना महामारी अगाडि पनि वर्तमान विश्व व्यवस्थाको कमजोरी र मूलधारे विकास अवधारणा र अभ्यासमा रहेको आधारभूत खोटहरू औल्याउँदै प्रकृतिमैत्री एवम् सामाजिक न्यायलाई सुनिश्चित गर्ने दिगो विकासको बाटो अपनाउनुपर्ने बारे सजग गराउँदै आएको हो। नेपालको सन्दर्भमा आत्मनिर्भर केन्द्रले पनि विगत दुई दशकको भूमि अभियानमा शुरुदेखि नै जोताहा किसानलाई न्याय र प्राकृतिक वातावरणलाई न्याय हुने समतामूलक विकासको पक्षमा पैरवी र अभ्यास गर्दै आएको छ।

बदलिँदो परिवेशमा आत्मनिर्भर केन्द्र नयाँ पाँचवर्षे रणनीति सन् २०२०-२०२५ सहित प्रस्तुत भएको छ। उदियमान परिवेशको वस्तुगत विश्लेषण, अवसर तथा चुनौतिहरूको पहिचान र सम्भावित जोखिमहरूको पनि आँकलन गर्दै यो रणनीति तर्जुमा भएको छ। विगत दुई दशक र खासगरेर पछिल्लो रणनीतिक अवधिको अभ्यासहरूको गहिरो र आलोचनात्मक समीक्षाबाट निस्किएका सिकाइहरूको आधारमा संस्थागत विकासको निम्ति आवश्यक पहलहरू निर्धारण भएको छ, कार्यविधि र कार्यप्रकृया परिमार्जन गरिएको छ।

आत्मनिर्भर केन्द्रको निम्ति सबैभन्दा महत्वपूर्ण सवाल, बदलिँदो परिवेशमा कृषिकर्ममा प्रत्यक्ष संलग्न जोताहा किसानको भूमि अधिकार र खेतीकिसानीलाई के, कसरी सुदृढ तुल्याउने भन्ने आधारमा रणनीतिक प्राथमिकताहरू तय गरिएका छन्।

प्रस्तुत रणनीतिमा केही पुराना र सान्दर्भिक कामहरूलाई निरन्तरता दिइएको छ , केही समययानुकुल परिमार्जित गरिएका छन्, केही असान्दर्भिकलाई हटाइएका छन् र केही नयाँ पहलहरू थपिएका छन्।

बृहत सहमागितामुलक प्रकृयाबाट यो रणनीति तयार भएको छ। आत्मनिर्भर केन्द्रले बिभिन्न जिल्लामा समुदाय तहमा पुगेर किसानहरू, भूमि अधिकारबाट अझै बञ्चित परिवारहरू, साना किसान समुह र सहकारीहरू, जनसंगठनका स्थानीय अगुवाहरू, भूमि अधिकार अभियन्ताहरू सँग आगामी रणनीतिको प्राथमिकतामा के के समावेश गरिनुपर्छ भनेर परामर्श गरेको थियो। भूमिकृषि सम्बन्धी सरोकार राख्ने संघसंस्था, अध्येता र मन्त्रालयदेखि स्थानीय सरकारका पदाधिकारीले पनि राय, विचार दिनुभयो।

आत्मनिर्भर केन्द्र संस्थाका सदस्यहरू, कार्यकारिणी र कर्मचारीहरू रणनीति तर्जुमाको शुरुदेखि अन्त्यसम्म नै निरन्तर संलग्न हुनुभयो। आफ्नो विचार, विश्लेषणको साथै विभिन्न सरोकारवाला र संजालका सदस्यहरूका राय र विचार संकलन गरेर पनि यो रणनीति तर्जुमाको कार्यलाई महत्वपूर्ण योगदान दिनुभयो। संस्थाको तर्फबाट हामी सबैलाई धन्यवाद र कृतज्ञता ज्ञापन गर्न चाहन्छौँ।

आत्मनिर्भर केन्द्र समुदायको समग्र सशक्तिकरण, संस्थागत तहमा निरन्तर सिकाई, ज्ञान निर्माणमा संलग्नता सहितको रूपान्तरणकारी कार्य र स्थानीयदेखि विश्वतहको सहकार्यमा विश्वास गर्दछ। सदा झैँ यो रणनीतिको सफल कार्यान्वयनको निम्ति पनि आगामि दिनमा समुदाय, जनसंगठन, सामाजिक न्यायको क्षेत्रमा कार्यरत संस्था, बौध्दिक समुदाय, सरकारी निकाय र अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूको अर्थपूर्ण सरसहयोग र रचनात्मक सहकार्यको अपेक्षा राखेका छौँ। समतामुलक दिगो विकासको अभियानमा आत्मनिर्भर केन्द्र योगदान गर्न कटिबध्द र प्रतिबध्द छ।

गोपाल थापा मगर
अध्यक्ष

जगत देउजा
कार्यकारी निर्देशक

ملخص / الخلاصة

عشرة عناصر رئيسية

Photo: Mahendra Shrestha/Oxfam

आत्मनिर्भर केन्द्रको प्रत्येक पहल, अभियान र क्रियाकलाप सामाजिक न्याय र प्रकृतिमैत्री विकासको मूल्यमान्यताबाट प्रेरित र निर्देशित हुन्छ। मूल्यमान्यताको जगमा नै कार्यकारिणीले संस्थाको नीतिहरू तर्जुमा गर्छ। संस्थाको सदस्य, कर्मचारी र अभियन्ताहरूको आचरण र दैनिक व्यवहारमा मूल्यमान्यता झल्कनु पर्छ भन्ने विषयलाई आत्मनिर्भर केन्द्रले महत्वपूर्ण विषयको रूपमा लिएको छ।

सामाजिक न्याय र प्रकृतिलाई न्याय

आत्मनिर्भर केन्द्र व्यक्ति-व्यक्तिबीच र समुदाय-समुदायबीच न्यायपूर्ण सम्वन्ध हुनुपर्छ भन्नेमा विश्वास राख्छ। उमेर, लिङ्ग, वर्ग, जाति, धर्म, राष्ट्रियता, आस्था वा कुनै पनि आधारमा कसैमाथि नकारात्मक विभेद वा अन्यायपूर्ण व्यवहार हुनुहुँदैन। मानिस र भूमि लगायत प्रकृतिबीचको सम्बन्ध पनि न्यायपूर्ण हुनुपर्छ। विकासका नाममा प्रकृतिको दोहन र प्रदूषण हुनुहुँदैन।

अहिंसा

आत्मनिर्भर केन्द्र अहिंसात्मक सामाजिक आन्दोलन र अभियानहरूबाटै रचनात्मक र दिगो सामाजिक परिवर्तनहरू सम्भव हुन्छ भन्ने सवालमा दृढ विश्वास राख्छ।

सरलता र पारस्परिक सम्मान

आत्मनिर्भर केन्द्रका सदस्य र कर्मचारीहरू व्यक्तिगत तथा पेशागत जीवनमा सरल तथा सादगीपूर्ण जीवनशैली अपनाउँछन्। सामाजिक व्यवहारमा आदर र सम्मान दोहोरो हुन्छ। आत्मनिर्भर केन्द्र पारस्परिक सम्मानलाई लोकतान्त्रिक आचरणको महत्वपूर्ण पक्ष मान्छ।

समानुभूति र पक्षधरता

आत्मनिर्भर केन्द्र न्यायपूर्ण समाज निर्माणका लागि अन्यायमा परेका व्यक्ति, परिवार वा समुदायको पक्षमा उभिनुपर्छ भन्ने मान्यतामा विश्वास राख्छ। सहानुभूति हैन, अन्यायमा परेकासँग समानुभूतिसहित न्यायको पक्षमा लाग्नुपर्छ।

आत्मनिर्भरता र अन्तरनिर्भरता

अन्तरनिर्भरता सामाजिक प्रगतिको बाहक शक्ति हो। पारस्परिक सरसहयोगले नै परिवार, समुदाय, देश र विश्व समृद्धितर्फ अगाडि बढ्छ। परनिर्भरताले व्यक्ति वा समुदायलाई कमजोर बनाउँछ।

आत्मनिर्भर केन्द्र व्यक्ति, परिवार, समुदाय र देश पनि परनिर्भर नभई सकेसम्म आत्मनिर्भर हुँदै अन्तरनिर्भरतालाई सकारात्मक योगदान गर्नुपर्नेमा विश्वास राख्छ।

नतिजामुखी, गुणस्तरीय र उत्कृष्टता

आत्मनिर्भर केन्द्र यथास्थितिको उन्नत विकल्प सम्भव छ भन्नेमा विश्वास राख्छ। हरेक नयाँ काम वा पहललाई नतिजामुखी, गुणस्तरीय र सापेक्षिकरूपमा उत्कृष्ट बनाउन सकिन्छ।

अवसर तथा चुनौती

पृष्ठभूमि परिवेश

विश्वव्यापीरूपमा नै दिगो विकाससम्बन्धी बहससँग गाँसिएर न्यायपूर्ण भूमि-कृषि व्यवस्था, खाद्य सम्प्रभुता, पर्यावरणमैत्री कृषि र साना किसानको हक, अधिकार र संरक्षणका एजेन्डाले नीतिगत छलफलका मञ्चहरूमा महत्वपूर्ण स्थान पाउन थालेको छ। नेपालमा पनि नयाँ संविधान बनेर तीनै तहका सरकार गठन भएपछि भूमि अधिकार, भूमि उपयोग र न्यायपूर्ण भूमि व्यवस्थाबारे बहस सुरु भएका छन्। साथै कृषि क्षेत्रका समस्या, कृषिको रूपान्तरण र किसानका समग्र सवलीकरण सम्बन्धी सवाललाई पनि सार्वजनिक तहमा चासोपूर्वक लिन थालिएको छ। भूमि-कृषिको परिवेशबारे तथ्य-तथ्याङ्क, विवेचना र वैकल्पिक विचारहरूको खोजी सुरु भएको छ।

अवसर

१. प्रकृति वा पर्यावरण संरक्षणका साथै सामाजिक न्याय सुनिश्चित गर्ने भूमि-कृषि व्यवस्था दिगो विकासको मूल आधार हो। उदीयमान दिगो विकाससम्बन्धी सार्वजनिक र नीतिगत बहसको परिवेश भूमि अधिकार आन्दोलन र न्यायपूर्ण भूमि-कृषि प्रणाली निर्माणका लागि महत्वपूर्ण अवसर हो।

२. जलवायु परिवर्तन जस्ता जटिल पर्यावरणीय समस्याले औद्योगिक कृषि र कर्पोरेट कृषिको मोडल नै हानिकारक रहेको निष्कर्षसहित विकसित औद्योगिक मुलुकहरूमा समेत वैकल्पिक बाटोको खोजी र जैविक तथा अर्गानिक कृषिका अभियानहरू बाक्लिँदै गएका छन्। खाद्य संप्रभुता र साना आकारका खेतीपातीलाई नै प्रवर्धन गर्नुपर्ने निचोड वैज्ञानिक अनुसन्धानहरूले नै बताउन थालेका छन्। नेपाल जस्तो दिगो विकास र दिगो कृषि रणनीति निर्माण गर्ने चरणमा रहेका मुलुकका निम्ति यो महत्वपूर्ण अवसर हो।

३. नेपालको नयाँ संविधानको निर्देशक सिद्धान्तमा स्पष्टरूपमा लेखिएको 'भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने' जस्ता प्रावधान पनि न्यायपूर्ण भूमि सुधारका निम्ति महत्वपूर्ण अवसर हो।

४. कृषि कर्ममा संलग्न जनसङ्ख्या साक्षर, सचेत र सङ्गठित हुँदै अहिंसात्मक भूमि अधिकार आन्दोलनको निर्माण र हालसम्म प्राप्त उपलब्धिको अवस्था पनि न्यायपूर्ण भूमि-कृषि व्यवस्था सुदृढीकरणका लागि अवसर नै हो।

५. सङ्घीय तथा विकेन्द्रित राज्य व्यवस्थाअन्तर्गत प्रदेश तथा स्थानीय तहका सरकारले भूमि तथा कृषिको व्यवस्थापनका लागि पाएका शासकीय अधिकार अर्को महत्वपूर्ण अवसर हो।

६. भूमि-कृषिसम्बन्धी प्राज्ञिक, बौद्धिक तथा सञ्चार क्षेत्रको चासो पनि महत्वपूर्ण अवसर हो।

विकासका नाममा प्रकृतिको दोहन र प्रदूषण हुनुहुँदैन ।

प्रमुख चुनौती

१. **अस्पष्ट र ढुलमुले राज्य नीति :** संविधानले स्पष्टरूपमा जोताहा किसानको पक्षमा भूमि सुधारको बाटो खुलाएको छ। तर पनि प्रमुख राजनीतिक दलहरू र राज्यको भूमि व्यवस्थासम्बन्धी नीति अस्पष्ट र ढुलमुले छ। यो नै अहिलेको प्रमुख चुनौती हो। ऐतिहासिकरूपमा सीमान्तकृत रहँदै आएका जोताहा, मोही, साना र मध्यम किसानको समग्र सवलीकरण गर्दै समतामूलक कृषि अर्थतन्त्रलाई उन्नत तुल्याउँदै लैजाने कि व्यावसायिक कृषि, कृषिको औद्योगिकीकरण वा निर्यातमुखी कृषि प्रवर्धनका नाममा सीमित स्वदेशी र विदेशी पुँजीपतिको नियन्त्रणमा जाने कृषिको कर्पोरेटाइजेसनको बाटो समात्ने भन्नेबारे नीतिगत बहस ढुलमुले अवस्थामा छ। मूलधारे राजनीतिक बहस दोस्रो बाटोतर्फ उन्मुख देखिन्छ।

२. **ग्रामीण क्षेत्रमा भूमि कब्जा :** विश्वका अन्य मुलुकमा जस्तै नेपालमा पनि सडक, रेलमार्ग, ठूला एयरपोर्ट निर्माण, विद्युतीकरण, ठूला बाँध, पर्यटन क्षेत्रको विकास, विशेष आर्थिक क्षेत्र घोषणा, आरक्षण क्षेत्रलगायत विकास निर्माणको नाममा विकल्पबिना कृषियोग्य जमिन र प्राकृतिक स्रोतको निर्मम दोहन सुरु भएको छ। जसका कारण ग्रामीण क्षेत्रका अन्य भूमि राज्य र कर्पोरेट क्षेत्रको कब्जामा जाने खतरा बढेको छ।

३. **खाद्य सम्प्रभुता कमजोर हुँदै जाने क्रम :** संविधानले स्पष्टरूपमा खाद्य सम्प्रभुताको अधिकारलाई आधारभूत अधिकारका रूपमा व्यवस्था गरेको भए तापनि यससम्बन्धी ठोस अडान र नीतिको अभावले खाद्य बजार अनियन्त्रित उदारीकरणको बाटोमा गई आधारभूत आवश्यकताका खाद्यवस्तुसमेत आयात गर्नुपर्ने चुनौती बढ्दै गएको छ।

४. **कृषिमा राज्यको भूमिका र लगानी :** कृषिमा राज्यको अनुदान र लगानी जोताहा र साना किसानलाई सवलीकरण गर्दै उत्पादकत्व बढाउने पक्षमा छैन।

५. **सुशासनको अभाव :** भूमि प्रशासन किसानमैत्री नहुनु र मालपोत अड्डा जस्तो महत्वपूर्ण निकायमा हुने भ्रष्टाचारका घटना निरन्तर सञ्चार माध्यममा आइरहनु अर्को ठूलो चुनौतीका रूपमा देखिएको छ।

६. **प्रगतिशील भूमि सुधार राजनीतिक मुद्दा नबन्नु :** जोताहामुखी भूमिको मुद्दा दलहरू तथा मूलधार र प्रतिपक्षको राजनीतिबाट हराउँदै गएको छ। अन्तर्राष्ट्रिय समुदाय पनि साना किसानको पक्षमा नभई कर्पोरेट पक्षधर हुँदै गएको छ। जोताहा किसानको स्वतन्त्र आन्दोलन निकै कमजोर र अस्पष्ट अवस्थामा छ। यस कारण साना किसान कृषि पेसाबाटै भागाभागको अवस्था सिर्जना हुनु अर्को चुनौती बनेको छ।

अध्याय ५

विकास र समाजविकास

आत्मनिर्भर केन्द्रको विगत अढाई दशकको भूमि अधिकार अभियानको अनुभव र समकालीन विश्वको विकास विमर्शको निचोडहरूका आधारमा दिगो विकासलाई निम्नानुसार बुझ्न जरुरी छ :

अविकास

विकास वा प्रगतिको सम्भावना हुँदाहुँदै विकासको प्रक्रिया अवरुध्द हुनु, खुम्चनु वा विकासमा बाधा पुगेको अवस्था नै अविकास हो। गाँस, बास, कपास जस्ता आधारभूत भौतिक आवश्यकता पूरा नभई अभाव र गरिबीको अवस्थामा रहन बाध्य हुनु भनेको अविकासको चपेटामा पर्नु हो। शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता मानिसलाई सवल र सक्षम बनाउने अवसरबाट वञ्चित रहनु पनि अविकासको अवस्थामा रहनु हो। व्यक्ति, परिवार, समुदाय, मुलुक र मानव समुदाय नै अविकासबाट विकासतर्फ जान खोजिरहेको हुन्छ। अविकासको कारक तत्व आन्तरिक, बाह्य वा दुवै हुन सक्छ। हरूवा/चरुवा, कमैया, कमलरी जस्ता उत्पीडनकारी प्रथाबाट थिचिएको अवस्थामा कुनै पनि व्यक्ति वा परिवारको विकास सम्भव हुँदैन। त्यस्तै, जग्गा वा स्रोत/साधन भएर पनि ज्ञान, सीप वा मेहनत भएन भने विकास हुँदैन।

कुविकास

समकालीन संसारमा अविकासबाहेक कुविकासको समस्या पनि विकाराल बन्दै गएको छ। विकासको नाममा हुने क्रियाकलापले मानव जीवनमा ल्याउने आपत्

विपद् वा प्रकृतिमा हुने विनाश नै कुविकास हो। कृषिको विकासका नाममा अत्यधिक रासायनिक मलको प्रयोगले माटोको स्वास्थ्य बिग्रनु, नदीनाला प्रदूषित हुनु र जीवजन्तु मासिनु कुविकास हो। विषादी प्रयोग भएको सागपात, माछा/मासुको सेवनले मानिस गम्भीर रोगको सिकार हुनु कुविकास हो। प्रकृतिको निर्मम दोहनले उत्पन्न जलवायु परिवर्तनको समस्या कुविकासको उपज हो।

दिगो विकास

विकास दिगो हुनुपर्छ। विकासले व्यक्ति, परिवार, समाज, विश्व मानवता र प्रकृतिलाई न्याय दिनुपर्छ। दिगो विकासको चुरो भनेकै सामाजिक न्याय र प्रकृतिलाई न्यायको सुनिश्चितता हो। उत्पीडनकारी सामाजिक सम्बन्धहरू यथावत राखेर दिगो विकास सम्भव छैन। यदि त्यो समावेशी र समतामूलक भएन भने आर्थिक वृध्दि हुँदैमा त्यो दिगो हुँदैन। समतामूलक भूमि सुधार र जैविक विविधतायुक्त पर्यावरणीय कृषि प्रणाली दिगो विकासको महत्वपूर्ण आधार हो।

आदिवासी समुदायको भाषा, ज्ञान र सांस्कृतिक पहिचानको संरक्षणको लागि उनीहरूले पुस्तौंदेखि चर्चदैं आएको भूमि, सामुदायिक चरनभूमि लगायत उनीहरूले संरक्षण गर्दै आएको वन तथा जलाधार क्षेत्र व्यवस्थापनमा उनीहरूको सामुदायिक अधिकार पूर्णरूपमा स्थापित गर्नुपर्छ ।

सामाजिक परिवर्तनको मुहान र सहभागिता

सार्वभौम जनसमुदायमा अन्तर्निहित शक्ति नै सकारात्मक सामाजिक परिवर्तनको मुहान हो। मानव समाजका विभिन्न आवश्यकता पूरा गर्न र सामाजिक सम्बन्धहरूको व्यवस्थापन गर्नका लागि ऐतिहासिकरूपमा राज्य वा सरकारी संस्थाहरू, बजार वा नाफामुखी निजी क्षेत्रलगायत गैरनाफामुखी, स्वतन्त्र तथा सामुदायिक नागरिक सङ्गठनहरूको उद्भव र विकास हुँदै आएको छ। अन्य सवालमा जस्तै भूमि-कृषिसम्बन्धी सामाजिक सम्बन्धहरूको नियमन र व्यवस्थापनका निम्ति पनि राज्य, निजी क्षेत्र र नागरिक संस्थाहरूको भूमिका अपरिहार्य र महत्वपूर्ण हुन्छ।

आत्मनिर्भर केन्द्रको अनुभवमा नेपालको पहाड र तराई दुवै क्षेत्रमा शताब्दियौंदेखि विभेद र उत्पीडनमा पिल्सिएका दलित समुदायको समग्र सवलीकरणको आधार तयार गर्नको लागि सबै दलितको लागि बसोबासको व्यवस्था र दलित किसानलाई भूमि अधिकार सम्पन्न बनाउनु अत्यावश्यक छ ।

आत्मनिर्भर केन्द्रले सामाजिक परिवर्तनमार्फत हासिल गर्न चाहेको लक्ष्य निम्नानुसार छ :

१. **लोकतान्त्रिक सुशासन :** भूमि-कृषि सवालमा न्यायपूर्ण नीति, जनमुखी प्रशासनिक संरचना र कार्यविधि, सहभागितामूलक योजना तर्जुमा प्रक्रियासहित सबै तहका राज्य निकाय जिम्मेवाररूपमा प्रस्तुत हुनेछ ।

२. **प्रभावकारी र जवाफदेही निजी क्षेत्र :** भूमि-कृषि क्षेत्रमा उद्यम, व्यवसाय र कारोवार गर्ने निजी क्षेत्रअन्तर्गतका व्यापारिक संस्थाहरूले राज्यको नियम, कानुन र नीतिगत दायरामा रहेर समाज र आमउपभोक्ताको हितप्रति जिम्मेवार रहँदै सामाजिक उत्तरदायित्वसहित प्रभावकारीरूपमा काम गर्नेछन् ।

३. **जुझारू नागरिक समाज :** भूमि-कृषि सवालमा राज्य र बजार वा निजी क्षेत्रलाई जिम्मेवार र जवाफदेही बनाउन खबरदारी गर्न सक्षम सशक्त जनसङ्गठन र आलोचनात्मक चेतसहितको जुझारु नागरिक समाज क्रियाशील हुनेछ ।

आत्मनिर्भर केन्द्रले अपेक्षित रूपान्तरणका लागि निम्नानुसारको पहल र कार्यविधि अपनाउनेछ :

१. समाजमा भूमि-कृषि विषयमा आलोचनात्मक चेत विकासका निम्ति आमसचेतीकरण ।

२. किसानको वर्गीय हित सुनिश्चितताका निम्ति समग्र सवलीकरण, सशक्त सङ्गठन निर्माण, स्वपरिचालन र अहिंसात्मक सामाजिक आन्दोलन ।

३. न्यायपूर्ण भूमि-कृषि व्यवस्थाको पक्षमा आवाज बुलन्द गर्न विभिन्न तहमा सरोकार समूह, सञ्जाल निर्माण र रचनात्मक सहकार्य ।

४. स्थानीयदेखि सङ्घीय तहका सरकारहरूको ध्यानाकर्षणका लागि नीतिगत पैरवी ।

५. भूमि-कृषि सवालमा ज्ञान निर्माण, ज्ञान व्यवस्थापन र ज्ञान प्रसार ।

६. प्रगतिशील भूमिसुधारको अभियानलाई स्थानीयदेखि राष्ट्रिय, क्षेत्रीय हुँदै विश्वतहको सञ्जालसँग जोड्ने ।

ग्रामिण महिलाको
समग्र सशक्तिकरणको
प्रमुख आधार,
महिला किसानको
भूमि अधिकार ।

भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार

१. भूमि-कृषिसम्बन्धी सामाजिक बहस

- मानव जीवनमा भूमि र कृषिको महत्वबारे आमसचेतीकरण अभियान चलाउने।
- समुदायदेखि राष्ट्रिय तहसम्म किसान समुदायलगायत सम्बन्धित सम्पूर्ण सरोकारवालाबीच विद्यमान भूमि-कृषि प्रणालीबारे आलोचनात्मक चेत विकास गर्नका लागि अन्तरक्रियाको वातावरण सिर्जना गर्ने।
- लोकतन्त्र, सामाजिक न्याय र दिगो विकासमैत्री भूमि-कृषि व्यवस्थाको अर्थ, मर्म र सम्भावित व्यावहारिक मोडलहरूबारे सार्वजनिक बहस गहिरो र फराकिलो बनाउने।

२. सहभागितामूलक भूमि-कृषि परिवेश विश्लेषण अभियान

- भूमि-कृषि परिवेश विश्लेषणका लागि सहभागितामूलक अध्ययन विधिहरू विकास तथा परिमार्जन गर्ने र विभिन्न तहमा सहजकर्ताहरू तयार गर्ने।
- समुदाय र पालिका तहमा सहभागितामूलक भूमि-कृषि परिवेश विश्लेषणलाई अभियानका रूपमा सञ्चालन गर्ने।

३. जनसङ्गठन निर्माण, सुदृढीकरण र स्वपरिचलान

- भूमि-कृषि कर्ममा प्रत्यक्ष संलग्न जोताहा किसानहरूको समुदाय, पालिका, प्रदेश र राष्ट्रिय तहमा स्वतन्त्र, स्वायत्त र सुदृढ जनसङ्गठन निर्माण गर्ने।
- समुदाय र पालिका तहमा जनसङ्गठन स्वपरिचालनको रणनीतिसहित समावेशी र सहभागितामूलक लोकतान्त्रिक नेतृत्व विकास गर्ने।

४. समुदाय तहमा भूमि-कृषि पाठशालाहरू स्थापना गर्ने

- जनसङ्गठनको पहलमा भूमि-कृषिसम्बन्धी सवालमा छलफल, भेला र प्रशिक्षणका लागि सामुदायिक भूमि घर निर्माण गरी भूमि-कृषि पाठशाला सञ्चालन गर्ने।
- जनसङ्गठनका स्थानीय अगुवामध्येबाट प्रशिक्षक सहजकर्ताहरू विकास गर्ने।

रणनीतिक प्राथमिकता २

भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन

१. व्यवहारका आधारमा सिद्धान्त र ज्ञान निर्माण

- सबै तहमा भूमि-कृषि आन्दोलनका अभ्यासलाई नियमित आलोचनात्मक समीक्षा गरेर सिकाइ निकाल्ने सहभागितामूलक सिकाइ प्रणाली स्थापित गर्ने।
- सिकाइहरू अभिलेखन गर्ने, स्थापित सिद्धान्त तथा विधिहरूलाई नौलो सिकाइका आधारमा आलोचनात्मक ढङ्गले केलाउने र नयाँ ज्ञान स्थापित गर्ने।

२. जनसङ्गठनलाई सिकाइको केन्द्रमा राखेर कार्यगत अनुसन्धान गर्ने

- भूमि-कृषि अभियानलाई के/कसरी सशक्त र प्रभावकारी तुल्याउन सकिन्छ भन्नेबारे आलोचनात्मक समीक्षा गर्दै नयाँ पहलका लागि कार्यगत अनुसन्धान गर्ने।
- अभियन्ताको ज्ञानलाई स्थापित प्राज्ञिक र अन्य सार्वजनिक ज्ञान प्रणालीसँग जोड्ने।

३. सिकाइ सामग्रीहरू तयारी र प्रकाशन गर्ने

- जनसङ्गठनका सदस्य, अगुवा र अन्य सरोकारवालालाई भूमि-कृषिसम्बन्धी सवालहरू बुझ्न सहयोग पुग्ने सिकाइ सामग्रीहरू तयार गरी प्रकाशन र वितरण गर्ने।
- परिवेश विश्लेषणका उपज सामग्रीहरू उपयोगिताको आधारमा प्रकाशन गर्ने।
- आन्दोलनको आवश्यकता र अगुवाहरूको क्षमता विकासलाई ध्यानमा राखेर मुद्रित सामग्रीका अतिरिक्त अन्य श्रव्य/दृश्यलगायतका सिकाइ सामग्रीहरू उत्पादन गर्ने।
- भूमि-कृषि पाठशालामा सामुदायिक परिवेश नक्शाहरू, भूमि-कृषिसम्बन्धी संविधान, कानुन, ऐन, नियमावलीको व्याख्यासहितका सामग्री सङ्ग्रह गर्ने।

४. संस्थागत पहिचान र आर्थिक स्रोत जुटाउन प्रकाशन

- भूमि-कृषिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत बहसलाई योगदान गर्ने, संस्थाको पहिचानलाई गहन बनाउन सघाउने र आर्थिक स्रोत निर्माणमा समेत टेवा दिने पुस्तक, सामयिक जर्नल वा स्रोत सामग्रीहरू प्रकाशन गर्ने।

भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्धन

१. भूमि-कृषिसम्बन्धी नीतिगत संवाद र बहस

- स्थानीयतहदेखि प्रदेश र सङ्घीय तहमा समय, सन्दर्भ र अभियानको आवश्यकताअनुसार नीतिगत संवाद र बहस चलाउने।
- सन्दर्भअनुसार वर्तमान नीतिबारे स्पष्टता, नीतिको आलोचनात्मक विश्लेषण वा मौजुदा नीति परिमार्जनको लक्ष्य स्पष्ट पारेर नीतिगत बहस चलाउने।
- अन्य सरोकारवालासँग समन्वय, साझेदारी वा सहकार्य गरेर नयाँ नीति निर्माणसम्बन्धी आवश्यक बहस चलाउने।

२. जनसङ्गठनका अगुवाहरूको नीतिगत व्याख्या र पैरवी क्षमता विकास

- सबै तहका जनसङ्गठनका अगुवालाई नीतिगत व्याख्या र विश्लेषणमा सक्षम तुल्याउँदै राज्य र अन्य सरोकारवालासँग संवादको वातावरण तयार गर्ने।

३. प्रगतिशील नीति र वैकल्पिक कार्यविधि विकास र प्रस्तुति

- आवश्यकताअनुसार राज्य वा अन्य पक्षको नीति आलोचनाका अतिरिक्त उन्नत र प्रगतिशील वैकल्पिक नीति के हुन सक्छ भन्नेबारे प्रस्तुति गर्ने।
- नीतिगत सवालका साथै नीतिलाई व्यवहारमा उतार्ने कार्यविधि पनि सुझाउने।

४. उपयुक्त सवालमा स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग रचनात्मक सहकार्य

- भूमि-कृषि आन्दोलनले आवश्यकताअनुसार राज्यको नीति वा व्यवहारको आलोचना गर्नुका साथै कतिपय सवालमा स्थानीय, प्रदेश वा सङ्घीय सरकारसँग रचनात्मक सहकार्य पनि गर्नेछ।

५. जनसङ्गठनको अगुवाइमा भूमि-कृषिसम्बन्धी भ्रष्टाचार विरोधी अभियान

- नीतिगत बहस र सुधारका साथै भूमि प्रशासनलाई जनमुखी बनाउन, भूमि प्रशासनलाई भ्रष्टाचारबाट मुक्त गरेर सुशासन स्थापित गर्न हरेक तहमा जनसङ्गठनको अगुवाइमा सशक्त भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने।

दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास

१. अर्गानिक तथा दिगो कृषि प्रवर्धन

- भूमि अधिकार सुनिश्चितताका साथै भूमिमा पहुँच भएका किसानलाई अर्गानिक तथा दिगो कृषिको अभ्यासतर्फ प्रोत्साहन गर्ने।
- राज्य तथा अन्य सङ्घ/संस्थाबाट अर्गानिक तथा दिगो कृषिका लागि उपलब्ध हुने अनुदान वा सरसहयोगसम्म पहुँच बनाउन किसानलाई सघाउने।
- परम्परागत स्थानीय बीउविजनको स्थानीय तहमै संरक्षण, हरित मलको प्रवर्धन र जैविक कीटनाशक उपायका निम्ति सहजीकरण गर्ने।

२. सहकारी, सामूहिक प्रयास र बजारमा पहुँच

- सीमान्तकृत तथा साना किसान परिवारको उत्थान हुने सहकारी मोडलको विकास गर्ने र जनसङ्गठनका सदस्य र अगुवालाई मोडल सहकारी निर्माण गर्न सक्षम बनाउने।
- साना किसान सहकारीहरूलाई सार्वजनिक वा अन्य उपलब्ध जमिन सामूहिक करारमा लिएर सामूहिक खेती व्यवस्थापन गरी लाभ लिन सहजीकरण गर्ने।
- साना किसानहरूले खेतीपातीका साथै पशुपालनलगायत कृषिमा आधारित अन्य उद्यम पनि गर्दै कसरी जीविका प्रणालीलाई उन्नत तुल्याउन सक्छन् भन्ने विषयमा कार्यगत अनुसन्धान गरी परिवेश सुहाउँदो उपायहरू सुझाउने।
- कृषि उपजका उपभोक्ताहरूलाई पर्यावरणीय कृषिको महत्वबारे सचेत गराउँदै सहकारी वा कृषि उत्पादक समूहलाई इच्छुक उपभोक्ता समूहसँग जोड्न सहजीकरण गर्ने।

३. राज्यद्वारा प्रदान गरिने अनुदान र सुविधाको प्रभावकारी अनुगमन

- राज्यद्वारा प्रदान गरिने अनुदान र सुविधाबारे किसानलाई सुसूचित गर्दै अनुदानको प्रभावकारिताबारे नियमित अनुगमन गर्ने र आवश्यक सवालमा स्थानीय सरकार र प्राविधिक निकायसँग रचनात्मक सहकार्य गर्ने।

भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

१. विश्वव्यापी भूमि-कृषि आन्दोलनमा सहभागिता र योगदान

- भूमि-कृषि सवालमा विश्वव्यापीरूपमा देखा परिरहेको प्रवृत्ति विकासक्रमलाई गहिरोसँग नियाल्ने, विभिन्न मुलुकका सफलता र असफलताका अनुभवबाट उपयुक्त पाठ सिक्ने र विश्व मञ्चमा अर्थपूर्ण सहभागिता र योगदानका अवसर पत्ता लगाउने ।
- उपयुक्त र समविचार भएका विश्व मञ्च र सञ्जालहरूको सदस्यता लिने, सदस्य रहिसकेका सञ्जालहरूमा अग्रसक्रियता लिएर काम गर्ने ।

२. संयुक्त राष्ट्र सङ्घलगायत मूलधारका विश्व सङ्गठनसँग आलोचनात्मक संवाद र सहकार्य

- संयुक्त राष्ट्र सङ्घअन्तर्गतका विभिन्न एजेन्सी, विश्व बैङ्क, एसियाली बैङ्कलगायतका अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय संस्थाहरूको भूमि-कृषिसम्बन्धी नीतिहरूबारे सुसूचित हुँदै उपयुक्त सञ्जालहरूमार्फत् आलोचनात्मक संवादमा संलग्न हुने ।
- विश्व संस्थाका समर्थन, सहयोग र सहकार्य गर्नुपर्ने विषय के, के हुन् र आलोचना, असहयोग र विरोध गर्नुपर्ने सवाल के, के हुन् भन्नेबारे स्पष्ट भई नेपालका भूमि-कृषिसम्बन्धी मञ्चहरूमा प्रस्तुत गर्ने ।

३. विश्व मञ्च र सञ्जालका सम्मेलन, बैठक र सेमिनारहरू नेपालमा आयोजना गर्न पहल गर्ने

- सदस्य राष्ट्रको हैसियतले भूमि-कृषिसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सञ्जालका सम्मेलन, सभा, बैठक र सेमिनारहरू नेपालमा आयोजना गर्न सक्रिय पहल गर्ने जसले गर्दा नेपालका धेरैभन्दा धेरै अभियन्ता, अध्येता र नीति निर्माताले अन्तर्राष्ट्रिय तहको बहस र छलफलमा सहभागी भई ज्ञान र सीपको दायरा फराकिलो पार्ने अवसर प्राप्त गर्नेछन् ।
- भूमि-कृषिसम्बन्धी सान्दर्भिक विश्व अभियानहरूबारे नेपालमा छलफल गर्नुका साथै मुलुकको परिवेश सुहाउँदो ढङ्गले अभियानमुखी क्रियाकलापहरू सञ्चालन गर्न सक्रिय पहल गर्ने ।

स्रोत व्यवस्थापन तथा स्रोत निर्माण प्रक्रिया

प्रस्तावित रणनीतिक प्राथमिकताअन्तर्गतका विभिन्न पहल एवम् कार्यक्रमहरू सञ्चालनका लागि आत्मनिर्भर केन्द्रले संस्थाको मूल्य/मान्यतालाई दृढतापूर्वक आत्मसात गर्दै दिगो एवम् प्रभावकारी स्रोत व्यवस्थाका लागि स्रोत निर्माणसम्बन्धी क्रियाकलापहरू अगाडि बढाउनेछ। पहिचानमा आघात पुग्ने, लक्ष्य तथा रणनीति विपरित हुने र परनिर्भरतातर्फ धकेल्ने कुनै पनि सर्तअन्तर्गत स्रोत साझेदारी वा सहकार्य हुने छैन।

आर्थिक तथा भौतिक स्रोत निर्माणका उपाय

१. स्वपरिचालन
२. स्थानीय तथा राष्ट्रिय स्रोत परिचालन
३. अन्तर्राष्ट्रिय स्रोत परिचालन
४. सामाजिक उद्यम सञ्चालन

"अर्थशास्त्रको पाठ्यक्रममा लेखिए जस्तै भूमि मान्छेले बनाएको वस्तु हैन, यो प्रकृतिले मानवजातिलाई दिएको स्वतन्त्र उपहार हो । त्यसैले भूमिमा जसले श्रम गर्छ उसैले वाली भित्र्याउन पाउनुपर्छ"

स्रोत व्यवस्था तथा स्रोत निर्माण प्रक्रिया १

स्थानीय, प्रदेश र सङ्घीय सरकारका सम्बन्धित निकायहरूसँग भूमि-कृषिसम्बन्धी सवालमा अध्ययन, अनुसन्धान, नवप्रवर्तन लगायत अन्य सान्दर्भिक पहलमा सहकार्य तथा स्रोत साझेदारी एवम् विज्ञ सेवा प्रदान गरेर स्रोत निर्माण गर्ने ।

स्रोत व्यवस्था र स्रोत निर्माण प्रक्रिया २

भूमि-कृषि सवालमा राज्य तथा विभिन्न संस्थालाई आवश्यक पेसागत क्षमता विकाससम्बन्धी कोर्सहरू डिजाइन गरेर सशुल्क सञ्चालन गरी स्रोत विकास गर्ने ।

स्रोत व्यवस्था र स्रोत निर्माण प्रक्रिया ३

भूमि-कृषिसम्बन्धी प्रकाशन एकाइ गठन गरी स्तरीय प्रकाशनहरू गर्दै स्रोत निर्माणमा समेत योगदान गर्ने ।

स्रोत व्यवस्था र स्रोत निर्माण प्रक्रिया ४

भूमि-कृषि कार्यको बृहत्तर परिधिभित्र रहेर संस्था आफैँले वा अन्य उपयुक्त संस्थासँग साझेदारी गर्दै सामाजिक उद्यम सञ्चालन गरी स्रोत निर्माणमा योगदान गर्ने ।

स्रोत व्यवस्था र स्रोत निर्माण प्रक्रिया ५

भूमि-कृषिसम्बन्धी नेपाल सरकारको कुनै पनि मन्त्रालय वा निकायमा रहेको स्रोतमा पारदर्शी हिसावले खुला प्रतियोगिता वा अन्य प्रावधान अन्तर्गत पहुँच पुऱ्याइ स्रोतको सदुपयोग गर्ने ।

स्रोत व्यवस्था र स्रोत निर्माण प्रक्रिया ६

अन्तर्राष्ट्रिय सङ्घ/संस्था र सङ्गठनहरूसँग अध्ययन, अनुसन्धान र अभियान तथा अन्य सान्दर्भिक कार्यक्रमहरूमा सहकार्य तथा साझेदारी गर्ने ।

प्रोफाइल र पहिचान

राष्ट्रिय स्रोत संस्था

आत्मनिर्भर केन्द्रको पहिचान भूमि-कृषिको सवालमा नेपालको एक प्रभावकारी राष्ट्रिय स्रोत संस्थाका रूपमा प्रगाढ हुँदै जानेछ। यसको मूल पहिचान नेपालको भूमि अधिकार आन्दोलनलाई समन्वय र सहजीकरण गर्ने राष्ट्रिय स्रोत संस्थाका रूपमा कायम रहनेछ। साथै, राज्य र सरकारी निकाय, प्राज्ञिक प्रतिष्ठान, नागरिक समाजअन्तर्गतका संस्थाहरू र अन्तर्राष्ट्रिय सङ्घ/संस्थाका निम्ति पनि सान्दर्भिक सवालमा रचनात्मक सहकार्य गर्ने भरपर्दो राष्ट्रिय संस्थाका रूपमा चिनिनेछ। आत्मनिर्भर केन्द्रको संस्थागत चरित्र अधिकारमुखी काम गर्ने गैरदलगत राजनीतिक र गैरनाफामुखी प्रकारको सामाजिक संस्थाका रूपमा रहनेछ।

आत्मनिर्भर केन्द्र व्यक्ति-व्यक्तिबीच र समुदाय-समुदायबीच न्यायपूर्ण सम्वन्ध हुनुपर्छ भन्नेमा विश्वास राख्छ । उमेर, लिङ्ग, वर्ग, जाति, धर्म, राष्ट्रियता, आस्था वा कुनै पनि आधारमा कसैमाथि नकारात्मक विभेद वा अन्यायपूर्ण व्यवहार हुनुहुँदैन ।

प्रतिबद्ध एवं विज्ञ अभियन्ता समूह

आत्मनिर्भर केन्द्र परिवेश तथा आवश्यकताअनुसार रूपान्तरकारी प्रक्रिया सहजीकरण गर्ने ज्ञान, सीप र दक्षता सहितको राष्ट्रिय स्रोत संस्थाका रूपमा विकास हुँदै जानेछ। न्यायपूर्ण भूमि-कृषि व्यवस्थाप्रति प्रतिबद्ध, प्राविधिक विज्ञतासहितको अभियन्ता पङ्ति आत्मनिर्भर केन्द्रका मानव स्रोतको मूल विशेषता हुनेछ। आलोचनात्मक विश्व दृष्टिकोण, सहभागितामूलक अध्ययन विधि, सवलीकरणको कार्यशैली र रूपान्तरकारी प्रक्रिया आत्मनिर्भर केन्द्रका सदस्य र विज्ञ अभियन्ता समूहको विशेषता हुनेछ।

समावेशी र सहभागितामूलक सुशासन

प्रस्तावित रणनीतिक प्राथमिकताअन्तर्गतका पहलहरू सफलताका साथ कार्यान्वयन गर्नका लागि आत्मनिर्भर केन्द्रको संस्थागत संरचना, नेतृत्वशैली र सुशासनको प्रक्रिया निम्नानुसार हुनेछ :

१. आत्मनिर्भर केन्द्रको सदस्यता सातै प्रदेशको प्रतिनिधित्व हुनाको साथै लैङ्गिक, जातीय, बौद्धिक वा पेसागत विविधता सुनिश्चित हुने समावेशी चरित्रको हुनेछ।

२. संस्थाको कार्यकारिणी समितिको मूल जिम्मेवारी नीतिगत नेतृत्व प्रदान गर्नु हुनेछ र यो कार्यकारिणी नेतृत्व स्वयंसेवी प्रकृतिको हुनेछ।

३. व्यवस्थापकीय नेतृत्व समूहले नीतिगत नेतृत्व अन्तर्गत रहेर अभियान, कार्यक्रम र समग्र क्रियाकलापको अगुवाइ र जिम्मेवारी लिनेछ।

४. रणनीतिअन्तर्गतका अभियान र कार्यक्रमहरू कार्यान्वयनका लागि योजना र बजेटका आधारमा उपयुक्त संस्थागत संरचना प्रस्ताव गर्ने जिम्मेवारी कार्यकारी नेतृत्वको हुनेछ र त्यसलाई कार्यकारिणी समितिले स्वीकृत गर्नेछ।

५. सहभागितामूलक विधि, पारदर्शी प्रक्रिया र नतिजामुखी व्यवस्थापन संस्थाको संस्कृति हुनेछ।

प्रतिबद्धता र उत्तरदायित्व

जोताहा किसानको भूमि अधिकार र न्यायपूर्ण भूमि-कृषि व्यवस्था स्थापित गर्नका लागि प्रतिबद्ध आत्मनिर्भर केन्द्र आफ्ना हरेक कार्यक्रम, गतिविधि र स्रोत परिचालनका सन्दर्भमा अभियानको लक्षित समूह, सहयोगी संस्थाहरू र सरोकारवालाहरू समक्ष सधैँ जवाफदेही रहनेछ। संस्थाको रणनीति, संस्था सञ्चालनसम्बन्धी नीतिहरू, कार्यविधि, योजना तथा बजेट व्यवस्था र लेखा परीक्षणका प्रतिवेदनहरू सम्बन्धित सबै पक्ष तथा सरोकारवालाहरूको पहुँचमा रहनेछ। सहभागितामूलक पद्धति, पारदर्शिता र जवाफदेहिता आत्मनिर्भर केन्द्रको संस्थागत संस्कृति हो।

सहभागितामूलक अनुगमन र मूल्याङ्कन

आत्मनिर्भर केन्द्रले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा मात्र हैन, संस्थाले उक्त योजनाअनुसार सम्पन्न गरेका काम कुन दिशामा अघि बढिरहेका छन् र ती कामको नतिजा के/कस्तो भयो भन्ने कुराको अनुगमन र मूल्याङ्कन पनि सम्बन्धित समुदायका सदस्य र अन्य सरोकारवालको सहभागितामा सम्पन्न गर्नेछ। राज्यको नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनमा सहभागी बन्न पाउनु नागरिकको अधिकारको सवाल भएजस्तै आत्मनिर्भर केन्द्रको कार्यक्रमको अनुगमन र मूल्याङ्कनमा सहभागी बन्न पाउनु सम्बन्धित समुदाय र सरोकारवालाको अधिकार नै हो। सीमान्तकृत समुदायको सवलीकरणको प्रक्रियालाई पनि सहभागितामूलक अनुगमन र मूल्याङ्कनले टेवा पुऱ्याउँछ।

सामाजिक लेखाजोखा

नियमित सहभागितामूलक अनुगमन र मूल्याङ्कनका साथसाथै विभिन्न रुचि र तहका सरोकारवालालाई सहभागी गराएर आत्मनिर्भर केन्द्रले आवधिकरूपमा सामाजिक लेखाजोखा पनि आयोजना गर्नेछ। लक्षित समुदाय, नीति निर्माता, प्राविधिक विज्ञ समूहलगायत फराकिलो दायराका सरोकारवालाको परिदृश्यबाट संस्थाको योगदान र कार्यविधिलाई केलाउनु नै सामाजिक लेखाजोखाको मुख्य उद्देश्य हो।

संस्थागत सिकाइ र नियमित परिमार्जन प्रणाली

आत्मनिर्भर केन्द्र व्यवहारबाट सिक्दै नयाँ ज्ञान र सिकाइलाई प्रयोग गरेर व्यवहारमा परिमार्जन ल्याउन सकिन्छ र जरुरी पनि छ भन्नेमा विश्वास राख्छ। सहभागितामूलक अनुगमन र मूल्याङ्कन तथा सामाजिक लेखाजोखाको प्रक्रियाले जवाफदेहिताका साथै नयाँ सिकाइ र ज्ञान निर्माणको प्रक्रियालाई पनि मजबुत बनाउँछ। आत्मनिर्भर केन्द्र नयाँ सिकाइलाई स्थापित र संस्थागत गर्दै समग्र कार्यप्रणालीलाई निरन्तर परिमार्जन गर्ने कुरामा प्रतिबद्ध छ।

वार्षिक भूमि-कृषि सम्मेलन

भूमि-कृषिसम्बन्धी नीतिगत, प्रविधिगत तथा समुदायतहको अभ्यासमा आएका परिवर्तनहरू बारे बिचारविमर्श गर्न, सम्बन्धित सरोकारवालाहरूलाई एक ठाउँमा आएर समीक्षा गर्न र नौलो ज्ञान स्थापित गर्न आत्मनिर्भर केन्द्रले वार्षिक रुपमा राष्ट्रिय सम्मेलन गर्नेछ।



“भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी बैज्ञानिक भूमिसुधार गर्ने”

नेपालको संविधान २०७२, भाग ४, ५१, ङ, (१)

“राज्यहरूले किसान वा ग्रामिण श्रमिकको जीवन, भूमि र जीविकोपार्जनमा प्रभाव पार्ने निर्णय प्रक्रियाहरूमा उनीहरूको प्रत्यक्ष र प्रतिनिधि संस्थाहरू मार्फत सहभागितालाई प्रवर्द्धन गर्नेछन्, यसमा किसान वा ग्रामीण श्रमिकका सुदृढ र स्वतन्त्र संगठन स्थापना एवं विकास गर्ने कुरालाई सम्मान गर्ने र उनीहरूलाई प्रभाव पार्न सक्ने खाद्य सुरक्षा, श्रम तथा वातावरणीय मापदण्डहरूको तयारी एवं कार्यान्वयनमा उनिहरूको सहभागिता प्रवर्ध्दन गर्ने कुरा समेत पर्दछ”

संयुक्त राष्ट्र संघको किसान तथा ग्रामीण श्रमिकका अधिकार सम्वन्धी घोषणापत्र, सन् २०१८

आत्मनिर्भर केन्द्र

'आत्मनिर्भर केन्द्र' भूमि तथा कृषि व्यवस्थामा समग्र सुधार र जोताहा किसानको भूमि अधिकारको पक्षमा विगत अढाई दशकदेखि क्रियाशील सामाजिक संस्था हो। यो संस्थाले भूमि अधिकारबाट वञ्चितहरूको सचेतीकरण र सङ्गठन, प्रगतिशील भूमि-कृषि व्यवस्थाको पक्षमा जनमत निर्माण र कार्यगत अनुसन्धान गर्दै आएको छ। त्यसैले यो संस्था भूमिसम्बन्धी सरोकार भएका सङ्घ/संस्था, नीतिनिर्माता र बौद्धिक अध्येताका लागि समेत राष्ट्रिय स्रोत संस्थाका रूपमा परिचित छ।

भूमि अधिकारबारे सचेतीकरण, पीडितहरूको सङ्गठन निर्माण, कार्यगत अनुसन्धान र भूमि अधिकार अभियानको सिलसिलामा 'आत्मनिर्भर केन्द्र' नेपालका सातवटै प्रदेश तथा तराई, पहाड र हिमालका दुईतिहाइ भन्दा धेरै जिल्लासँग जोडिएको छ। अर्थात यी ठाउँका समुदाय र स्थानीय सरकारसँग कार्यगत सम्बन्ध र सम्पर्क विकास गरेको छ।

समावेशी संरचना र सहभागितामूलक लोकतन्त्रको अभ्यासलाई समाजको जरादेखि नै बलियो बनाउनुपर्छ भन्ने मान्यतामा अडिग छ यो संस्था। त्यसैले आफू कार्यरत क्षेत्रमा सहभागितामूलक परिवेश विश्लेषण र भूमि अधिकारबाट पीडितहरूको सामुदायिक सङ्गठन निर्माण अनि सबलीकरणका निम्ति प्रतिबद्धरूपमा काम गर्दै आएको छ।

न्यायपूर्ण भूमि-कृषि व्यवस्थालाई दिगोरूपमा स्थापित र व्यवस्थापन गर्न सशक्त एवं सक्षम स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ। त्यसका लागि कृषि कर्ममा संलग्न किसानहरूको स्थानीय संगठनलाई बलियो बनाउनुपर्छ। साथै लोकतान्त्रिक ढङ्गले निर्वाचित स्थानीय सरकारलाई संविधान प्रदत्त अधिकारहरूको उच्चतम प्रयोग गर्न सक्षम बनाउन पनि 'आत्मनिर्भर केन्द्र' सदा सक्रिय रहँदै आएको छ। भविष्यमा पनि यही दिशामा काम गर्दै जानेछ।

जोताहा किसानमैत्री भूमि-कृषि व्यवस्थालाई सुदृढ तुल्याउन उपयुक्त विषयमा स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग समेत रचनात्मक सहकार्य गर्ने यो संस्थाको स्थापित नीति नै हो। साथै, भूमि-कृषिको सवालमा राज्यको सम्बन्धित निकाय र अङ्गलाई जनउत्तरदायी बनाउन आवश्यकताअनुसार नागरिक दबाब सिर्जना गर्न र अहिंसात्मक सामाजिक अभियान सञ्चालनमा पनि 'आत्मनिर्भर केन्द्र' संलग्न रहँदै आएको छ।

'सामुदायिक आत्मनिर्भर सेवा केन्द्र' को नामबाट वि.सं. २०४९ साल चैतमा सिन्धुपाल्चोकमा स्थापित यो संस्था सुरुका केही वर्ष समुदायको सबलीकरण र सामुदायिक विकासका विभिन्न काममा संलग्न भयो। ग्रामीण गरिबीको मूल जरा अन्यायपूर्ण भूमि व्यवस्थाको रूपान्तरणमा केन्द्रित हुने निर्णय गरेपछि 'आत्मनिर्भर केन्द्र' भूमि अधिकार र भूमि तथा कृषिमा समग्र सुधारको सवालमा काम गर्दै आएको हो। न्यायपूर्ण भूमि-कृषि व्यवस्था नेपालको संविधानले दिशानिर्देश गरेको लोकतन्त्र र समतामूलक अर्थतन्त्रको जग हो।

भविष्यमा पनि 'आत्मनिर्भर केन्द्र' ले सञ्चालन गर्ने कुनै पनि क्रियाकलाप, परियोजना वा अभियान जनमुखी भूमि व्यवस्था र दिगो, जैविक र पर्यावरणमैत्री कृषि प्रणाली सुदृढीकरणको लक्ष्यसँग प्रत्यक्षरूपमा गाँसिएको हुनेछ।

CSIC
आत्मनिर्भर केन्द्र
Community Self-reliance Centre

डिजाइन : बिक्रम चन्द्र मजुमदार